# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babarmahal, Kathmandu, Nepal

**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**

(डोरमुकाम, कपिलवस्तु) **अछावे**

पत्र संख्याः २०७७।०७८

च.नं. १८

मितिः २०७७।१२।१७

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
कपिलवस्तु नगरपालिकाको कार्यालय,
कपिलवस्तु ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७।१२।१७ मा छलफल पश्चात् तयार गरिएको पाना २५(पच्चिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा लुम्बिनी प्रदेशको प्रदेश आर्थिक कार्यविधि २०७४ को दफा (३५) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत / कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

यज प्रसाद बस्ती
लेखापरीक्षण अधिकारी

**बोधार्थ तथा कार्यार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाण्डौ .- प्रतिवेदन संलग्न छ ।
श्री जिल्ला समन्वय समिति,
कपिलवस्तु.- प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कपिलवस्तु ।- प्रतिवेदन संलग्न छ ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
तौलिहवा, कपिलवस्तु
दर्ता नं.:
दर्ता मिति:

## आर्थिक कारोबारको स्थिती

कार्यालय र स्थानःकपिलवस्तु नगरपालिका कपिलवस्तु ।

आर्थिक वर्षः २०७६।७७

| | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | विमल राज आचार्य | २०७६।०४।०१ | २०७६।१०।२९ | ११९०१८६३४.०० |
| | चिरन्जिवी सापकाटा | २०७६।११।२९ | २०७७।०२।३२ | |
| | हरि प्रसाद ज्ञवाली | २०७७।०३।१ | २०७७।३।३१ | |
| लेखा प्रमुख | बलराम न्यापाने | २०७६।०४।०१ | २०७७।३।३१ | |

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं. | आय तर्फ | | | सि.नं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | गत बर्षको जिम्मेवारी | | १०८,४४३,८९९।९२ | १. | चालू खर्च | | ३५७,६८८,४०२।११ |
| | क) नगद | ६५,४६१।५० | | २. | पुंजिगत खर्च | | १३४,५२९,७६१।३२ |
| | ख) बैकं | १०८,३७८,४३८।४२ | | ३. | वित्तिय व्यवस्था भुक्तानि | | |
| २. | राजश्व( आन्तरिक आय) | | | | क) ऋण भुक्तानि | | ५००००० |
| | क)आन्तरिक राजश्व | | २००३९२५५।५४ | | ख) व्याज भुक्तानि | | |
| | ख) राजश्व बाँडफाँड | | १७२४३९६५०।४ | | ग) अन्य भुक्तानि | | |
| | ग) अन्य आय | | | ४. | लगानी | | |
| ३. | वित्तिय हस्तान्तरण | | | | ऋण लगानी | | |
| | क) वित्तिय सामानीकरण अनुदान | | १९४१००००० | | शेयर लगानी | | |
| | ख) सशर्त अनूदान | | ३१६२२१००० | | अन्य लगानी | | |
| | गं) समपूरक अनूदान | | १७१००००० | ५. | धरौटी फिर्ता | | १४५१३४३२।३४ |
| | घ) विशेष अनूदान | | | ६. | कोष खर्च | | १४,६५४,६७८।२५ |
| ४. | प्रदेश सरकारबाट प्राप्त अनूदान | | | ७. | मौज्दात | | |
| | क) वित्तिय सामानीकरण अनुदान | | ५३८५००० | | क) नगद मौजदत | | ६५,४६१।५० |
| | ख) सशर्त अनूदान | | ११३६०९०७५ | | ख) बैकं मौज्दात | | ३९४,१३६,५४४।१४ |
| | गं) समपूरक अनूदान | | १४९९४७५० | | ग) बैकं मौज्दात वित्तिय व्यवस्था | | ५००००० |
| | घ) विशेष अनूदान | | ६९९८५०० | | | | |
| ५. | अन्तर स्थानीय तहबाट प्राप्त | | १०००००० | | | | |
| ६. | वित्तिय व्यवस्था प्राप्ती | | | ८. | फिर्ता | | |
| ७. | विभिन्न कोष तर्फको आय | | ३७७६५२१४।७४ | ९. | विभिन्न कोष मौज्दात | | १५२७७२३।५४ |
| ८. | जनसहभागिता | | ६५४४८४३ | १०. | धरौटी मौज्दात | | १३४०१६८०।०१ |
| ९. | बिषयगत निकायबाट प्राप्त | | | ११. | विभाज्य कोष | | |
| १०. | धरौटी आय | | २७९१५११२।३५ | १२. | बेरुजु दाखिला | | ६,१९८,६७९।२९ |
| ११. | लगानीको सांवा फिर्ता | | | १३. | प्रकोप व्यवस्थापन कोष मौज्दात | | २१५८२८१२।९५ |
| १२. | अन्य विविध आय | | १८७२८०४२ | | | | |
| | क) सडक बोर्ड | ५४९८०४२ | | | | | |
| | ख) जि.वि.स | १३२३०००० | | | | | |
| | ग) यूनिसेफ | | २६३००० | | | | |
| | | | ९५९,२९९,१७५।४५ | | | | ९५९,२९९,१७५।४५ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस २०७१/०७/२१ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६२ सभा सदस्य, १३६.९१ वर्ग किलोमिटर क्षेत्रफल तथा ७६ हजार ३९४ जनसंख्या रहेको छ । | |
| | लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।१२।१६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ५८०४७९८९.८४ ले फरक देखिएको छ ।यस विषयमा कार्यालय सँग छलफल गर्दा चेक साट्न बाँकीको विवरण उपलव्ध गराएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन आंशिक रुपमा राखेको छ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **बैंक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार पालिकाले उपलव्ध गराएको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक | फरक पर्नुको कारण |
|---|---|---|---|---|---|

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | ग २ १ चालु खर्च बिजेर बर्ष | ८२१६०२०२।८४ | १०२६४१०५५।२६ | २०४८०८५२। | चेक साट्न बाँकी |
| | ग २ २ पूजिगत खर्च बिजेर बर्ष | १४८५२२८०४।७७ | १७६२११९६४।६६ | २७६८९१५९। | |
| | ग २ ५ बित्तिय व्यवस्था | ५००००० | ५००००० | ० | |
| | ग ३ १ धरैटी | १३४०१६८०।०१ | ९२४९३२८।२६ | ४१५२३५१।७ | |
| | ग ४ १ संचित केष | १६३५१८९९८।०३ | १५७९४९७६१।९८ | ५५६९२३६।० | |
| | ग ५ १ स्थानीय तह विविध केष | १५२७७२३।५४ | १५२७७२३।५४ | १०८५४० | |
| | ग ७ २ स्थानीय तह प्रकेप व्यवस्थापन | २१५८२८१२।९५ | २१६३०६६२।६८ | ४७८४९।७३ | |

३. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार खरिद गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा नगरपालिका सदरमुकाममा रहेकोले जिल्ला दर रेट लाई नै अवलम्वन गरेको छ ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु २७५५४५२७.०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री लक्ष्मी गुप्ता साव.ले मिति २०७६।३ १० । गते रु ८९ करोड ४१ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले च न३३ मिति २०७६.०३.२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | पूँजिगत खर्चतर्फ | १३४५२९७६१।३२ | १३३३१०६५।१७ | ३०३३२१२६।९५ | ९०८५१५४०।२० | ७९०९३९९५।३२ |
| | प्रतिशत | | ९.९० | २२.५४ | ६७.५६ | ५९ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु . १३४५२९७६१।३२ निकासा भएकोमा प्रथम चौमासिकमा रु. १३३३१०६५।१७ अर्थात ९.९० प्रतिशत, दोश्रो चौमासिकमा रु ३०३३२१२६।९५ अर्थात २२.५४प्रतिशत र तेश्रो चौमासिकमा रु ९०८५१५४०।२०, अर्थात ६७.५६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ७९०९३९९५।३२अर्थात ५९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०५५३००० | १०४२०५१०।३ | २ |
| २ | पूर्वाधार विकास | ३९३२४२१०० | १०५९२०२६१ | २२ |
| ३ | सामाजिक विकास | ४१८५५९७५८ | २५२०४८२९२ | ५१ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५११०००० | ५२८५९७०।९६ | १ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४१७५९४८० | ११८४३११०१ | २४ |
| | जम्मा | ९९९२२४३३८ | ४९२२१८१६३ | १०० |

१०. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २००३९२५५।५४ राजस्व बाँडफाँड र अनुदानबाट रु ८६७३८०९१३।५३ समेत रु ८८७४२०१६९।०७ आम्दानी भएकोमा चालु तर्फ र पूँजिगत तर्फ रु १३४५२९७६१।३२ र बित्तिय ब्यबस्था तर्फ रु ५००००० समेत रु ४९२७१८१६३।४३ खर्च भएको छ । पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

१२. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ... दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा ९२ जना कर्मचारीहरु करारमा राखि रु ८३९६०००.०० खर्च लेखेको छ । | |
| १४. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु २५०००००.०० ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | २५०००००.० |
| १५. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ८५६९४७१.७५ |

| क.स | पद | नाम थर | मासिक प्रोत्साहन भत्ता | भुक्तानी भएको महिना | भूक्तानी रु |
|---|---|---|---|---|---|
| १. | प्र.प्र.अ. | विमल राज आचार्य | १४१३३ | ७ | ९८९३१ |
| २. | उपसचिव | हरी प्र.ज्ञावली | १५२५३ | १२ | १८३०३६ |
| ३. | अ.आठौं | केशव प्रसाद हरीजन | १४१३३ | १२ | १६९५९६ |
| ४. | शा.अ. | पदम राज श्रेष्ठ | १२५९६ | १२ | १५११५२ |
| ५. | ले.अ. | वलाराम न्यौपाने | १२५९६ | १२ | १५११५२ |
| ६. | ई. | चण्डी प्रसाद देव | १२५९६ | १२ | १५११५२ |
| ७. | अ.सा. | मधुकर घिमिरे | १३२५४ | ४ | ५३०१६ |
| ८. | ई. | राजेश कु.शैनी | १२५९६ | १० | १२५९६० |
| ९. | सि.अ.हे.व | उमेश प्रसाद गुप्ता | १२५९६ | १२ | १५११५२ |
| १०. | अ.छैठो | सुचिता श्रेष्ठ | १२५९६ | १०.५ | १३२२५८ |
| ११. | अ.छैठो | विजय राज वाग्ले | १२५९६ | ९ | ११३३६४ |
| १२. | स.पाँचौ | विजय राज वाग्ले | ९८७० | ३ | २९६१० |
| १३. | अ.छैठो | भगवान दास गुप्ता | १२५९६ | १२ | १५११५२ |
| १४. | स.पाँचौ | कमल प्रसाद अर्याल | ९८७० | ९.५ | ९३७६५ |
| १५. | स.ई. | नारायण चौधरी | ९८७० | १२ | ११८४४० |
| १६. | क.अ. | गौतम शाक्य | ९८७० | १२ | ११८४४० |
| १७. | स.पाँचौ | मेघनाथ खनाल | ९८७० | १२ | ११८४४० |
| १८. | स.पाँचौ | धर्मराज न्यौपाने | ९८७० | १२ | ११८४४० |
| १९. | स.पाँचौ | विजय पोखेल | ९८७० | १२ | ११८४४० |
| २०. | स.पाँचौ | सुवाष गौतम | ९८७० | १२ | ११८४४० |
| २१. | स.पाँचौ | पंकज उपाध्याय | ९८७० | १२ | ११८४४० |
| २२. | स.पाँचौ | अक्रा मुदिन मुसलवान | ९८७० | १२ | ११८४४० |
| २३. | स.पाँचौ | भोजराज पाण्डे | ९८७० | १२ | ११८४४० |
| २४. | स.पाँचौ | हरी ओम खटीक | ९८७० | ११.५ | ११३५०५ |
| २५. | स.पाँचौ | तुलसा अर्याल | ९८७० | ६.५ | ६४१५५ |
| २६. | खरीदार | केशव प्र. खुल्देम | ९३१३ | ८ | ७४५०४ |
| २७. | खरीदार | प्रकाश पौडेल | ९३१३ | ५ | ४६५६५ |
| २८. | खरीदार | सचि चौधरी | ९३१३ | १२ | १११७५६ |
| २९. | खरीदार | हरी शंकर चौधरी | ९३१३ | १२ | १११७५६ |
| ३०. | खरीदार | जिवनाथ पाण्डेय | ९३१३ | १२ | १११७५६ |
| ३१. | खरीदार | राधेश्याम चौधरी | ९३१३ | १२ | १११७५६ |
| ३२. | खरीदार | सत्या गिरी | ९३१३ | १२ | १११७५६ |
| ३३. | खरीदार | रोशन गिरि | ९३१३ | १२ | १११७५६ |
| ३४. | खरीदार | योगेन्द्र नाथ शुक्ला | ९३१३ | १२ | १११७५६ |
| ३५. | खरीदार | गोकर्ण खड्का | ९३१३ | १२ | १११७५६ |
| ३६. | खरीदार | नारायण रेग्मी | ९३१३ | १० | ९३१३० |
| ३७. | खरीदार | पुना मरासिनी | ९३१३ | १२ | १११७५६ |
| ३८. | स.ले.पा. | जरा शंकर पाण्डेय | ९३१३ | १२ | १११७५६ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| [illegible] | खरीदार | राजन पोखरेल | ९३१३ | १२ | १११७५६ | |
| [illegible] | खरीदार | सविता ज्ञावली | ९३१३ | ११ | १०२४४३ | |
| [illegible] | स.चौथो | सरोजा चौधरी | ९३१३ | ११.५ | १०७०९९.५ | |
| [illegible] | स.चौथो | राम प्रसाद खटिक | ९३१३ | १२ | १११७५६ | |
| [illegible] | अमिन | राम लखन यादव | ९३१३ | १२ | १११७५६ | |
| [illegible] | सा.प. | शाहवुद्दिन दर्जी | ९३१३ | १२ | १११७५६ | |
| [illegible] | सा.प. | रीना शुक्ला | ९३१३ | १२ | १११७५६ | |
| ४६. | वि.मि. | जित मान कान्दु | ७७०३ | ६.५ | ५००६९.५ | |
| ४७. | फा.म्या. | शंकर आचार्य | ७७०३ | १२ | ९२४३६ | |
| ४८. | भा.स.चा. | घनश्याम कुर्मी | १०७५२ | १२ | १२९०२४ | |
| ४९. | ह.स.चा. | हुमाकान्त आचार्य | ९४४६ | १२ | ११३३५२ | |
| ५०. | ह.स.चा. | राजेन्द्र वारी | ९४४६ | १२ | ११३३५२ | |
| ५१. | का.स. | जगदिश कहार | ९२९९ | १२ | १११५८८ | |
| ५२. | का.स. | कमलेस वारी | ९२९९ | १२ | १११५८८ | |
| ५३. | का.स. | हरीकृष्ण यादव | ७२३८ | १२ | ८६८५६ | |
| ५४. | का.स. | अशोक कुमार गुप्ता | ६०३० | १२ | ७२३६० | |
| ५५. | का.स. | अशोक कुमार मिश्र | ९२९९ | १२ | १११५८८ | |
| ५६. | का.स. | कपिल प्रसाद चौहान | ९२९९ | १२ | १११५८८ | |
| ५७. | का.स. | तोलेश्वर डफाली | ७७०३ | १०.५ | ८०८८१.५ | |
| ५८. | का.स. | सिव पुजन रैवास | ९२९९ | १२ | १११५८८ | |
| ५९. | का.स. | राधेश्याम वारी | ९२९९ | ६.५ | ६०४४३.५ | |
| ६०. | का.स. | राम मिलन कहार | ९२९९ | १२ | १११५८८ | |
| ६१. | का.स. | विष्णु प्र. पौडेल | ७२३८ | ११ | ७९६१८ | |
| ६२. | फा.म्या. | कौशल चन्द्र पाठक | ७२३८ | १२ | ८६८५६ | |
| ६३. | फा.म्या. | चन्द्रमान पोखरेल | ७२३८ | १२ | ८६८५६ | |
| ६४. | न.प्र. | श्याम कुर्मी | ७७०३ | १२ | ९२४३६ | |
| ६५. | न.प्र. | राम कृष्ण यादव | ६८१८ | १२ | ८१८१६ | |
| ६६. | न.प्र. | राम औतार धोवी | ६८१८ | १२ | ८१८१६ | |
| ६७. | वि.हे. | तिलक राम कहार | ६८१८ | १२ | ८१८१६ | |
| ६८. | स्वि. | सुनिल डफाली | ६८१८ | १२ | ८१८१६ | |
| ६९. | का.स. | मुरलिधर कहार | ७२३८ | १२ | ८६८५६ | |
| ७०. | का.स. | राम प्र.चौधरी | ७२३८ | १२ | ८६८५६ | |
| ७१ | सु.अ. | शिवेन्द्र कुमार पासी | १२५९६.५ | १२ | १५११५८ | |
| ७२ | ई. | सुनिल के.सी | १२५९६.५ | १२ | १५११५८ | |
| ७३ | क.अ. | दिपक कुमार मिश्र | ८२२५ | १२ | ९८७०० | |
| ७४ | स.चा. | मकसाद खान | ६४१९ | १२ | ७७०२८ | |
| ७५ | वा.स. | कल्पना खनाल | ९१०० | १२ | १०९२०० | |
| ७६ | वा.स. | रीना गिरी | ९१०० | १२ | १०९२०० | |
| ७७ | वा.स. | शान्ता पोखरेल | ६८२५ | १२ | ८१९०० | |
| ७८ | स.चा. | गुड्डु रगरेज | ६४१९ | ९ | ५७७७१ | |
| ७९ | प्र.प्र.अ. | चिरञ्जिवि साप्कोटा | १४१३३ | ३ | ४२३९९ | |
| ८० | अ.छैठो | युवराज भुषाल | १२५९६.५ | ५ | ६२९८२.५ | |
| ८१ | स.पाँचौ | मनोहर चौधरी | ९८७० | ४ | ३९४८० | |
| ८२ | स.पाँचौ | दिनेश चौधरी | ९८७० | ४.५ | ४४४१५ | |
| ८४ | अ.स.ई. | पंकज सहनी | ९३१३.५ | ३.५ | ३२५९७.२५ | |
| ८५ | अ.स.ई. | अनिता चौधरी | ९३१३.५ | ३.५ | ३२५९७.२५ | |
| ८६ | अ.स.ई. | गोविन्द कुमाई | ९३१३.५ | ३.५ | ३२५९७.२५ | |
| ८७ | अ.स.ई. | ईन्द्र वहादुर | ९३१३.५ | ३.५ | ३२५९७.२५ | |
| ८७ | स.पाँचौ | सुजाता वुढाथोकी | ९८७० | ४.५ | ४४४१५ | |

| | | |
|---|---|---|
| १६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १२ | १२ | १२ | ० |

१८. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८१ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १८७६ |
| मृत्युदर्ता | ४३० |
| बसाईसराई दर्ता | ७६ |
| विवाह दर्ता | ७१४ |
| सम्बन्धविच्छेद दर्ता | १४ |

| | |
|---|---|
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण कन्क्रिट सडक | १.३ |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | ३.१० |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१९. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन ५ वटा नियमावली, १३ तथा अन्य कानुन लगायतका कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।साथै पालिकाले ३५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित गरेको छ ।

२०. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको १० गरी कुल १० विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई ९

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२. | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| | • पदाधिकारी सुविधा | |
| २३. | पदाधिकारी सुविधा -लुम्विनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्विनि प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिंदैन । तर पालिकाले पदाधिकारीको श्रावण भाद्र र आश्विन महिनाको पारिश्रमिक सुविधामा रु २३६७०००.०० र कार्तिक देखि असारसम्म मासिक सुविधा समेत जम्मा रु ११५३८४७०।४९ खर्च लेखेको देखिन्छ । | |
| २४. | **स्वकीय सचिव र सल्लाहकारः** लुम्विनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगरपालिकाले कानुनी सल्लाहकारका रुपमा .वार्षिक रु १ लाख ५० हजार तलब भत्ता भुक्तानी हुने गरी श्री हुम वहादूर कुवरलाई नियुक्त गरी भूक्तानी दिएको रु | १५००००.० |
| २५. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ८४२६६७.०० खर्च गरेको छ । | |
| २६. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वर्ष रु २९९१००.०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • अनुदान फिर्ता, वितरण र उपयोग | |
| २७. | **अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा निम्नानुसार फिर्ता गरको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३१६२२१००० | २२५६९८७४०।३३ | ९०५२२२५९।६७ |
| | विषेश | ० | | |
| | समपुरक | १७१००००० | ० | १७१००००० |
| | अन्य | | | |
| **प्रदेश सरकार** | शसर्त | ११०००००० | ३२१९९३२८।५४ | ७७८००७१।४६ |
| | विषेश | ६९९८५०० | ० | ६९९८५०० |
| | समपुरक | १४९९४७५० | ४०२३२३३।६३ | १०९७१५१६।३७ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ | |

| भो.न. मिति | अनुदान दिएको संस्था | उद्देश्य | भूक्तानी रु |
|---|---|---|---|
| ६८७.२०७७.०३.११ | खगेन्द्र कृषि फर्म | पशु फर्म निर्माण | ५०००००.०० |
| १९९.२०७७.०३.२३ | विभिन्न १३ वटा विधालयलाई | पुस्तकालय अनुदान विज्ञान प्रयोगशाला अनुदान | ४२५००००.०० |
| | | | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु धेरै खर्च गरेको देखिन्छ । | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | नमूना कृषक महिला वचत समूह | तिज गित | ५००००.०० |
| २ | हिन्दि मञ्च नेपाल | खाना खाजा | २५०००.०० |
| ३ | वुद्ध उत्सव | वुद्ध जयन्ती | ५८८८५.०० |
| ५ | महोरम पर्व आयोजक समिति | पर्व खर्च | ५०००.०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ६ | चन्द्र घण्टा दुर्गा आमा समुह | तिज कार्यक्रम | २१३९०.०० |
| ७ | वडा न.९ वडा कार्यालय | तिज कार्यक्रम | ५५०००.०० |
| ८ | वडा न.१ वडा कार्यालय | तिज कार्यक्रम | १५०००.०० |
| ९ | वडा न.२ वडा कार्यालय | तिज कार्यक्रम | १००००.०० |
| १० | शारिरीक सुसंगठन जिल्ला संघ | प्रतियोगिता | ५०००००.०० |
| ११ | आदर्श युवा क्लव | क्रिकेट टुनामेन्ट | ५००००.०० |
| १२ | विश्वदित युवा केन्द्र | व्याट वल वितरण | १४५४०.०० |
| १३ | रेनकोट वितरण | कार्यालयका कर्मचारी | १६०००.०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३०. **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल ३९ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु ८४२६६७.०० खर्च गरेको छ ।

३१. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १३४५२९७६१।३२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३२. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्र्ए सवारि साधन खरिदमा रु २५७८००.०० खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | १ | २५७८००.०० |
| | जम्मा | | |

- **कर दस्तुर एवं आन्तरिक आय**

३३. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ३ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु २ करोड ३९ हजार २ सय ५५ अर्थात अनुमान भन्दा ३४ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

३४. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३२९४१९०३ | २००३९२५५ | ८.६० |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४५00000.00 | १६00५६0.00 |
| घरजग्गा वहाल कर | १६00000.00 | १४४७0४७.७0 |
| व्यवसाय कर | २000000.00 | १४४४३४५.00 |
| वहाल विरौटी शुल्क | २00000.00 | 0.00 |
| विज्ञापन कर | २२0000.00 | 0.00 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३६. **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ७ व्यवसायिबाट रु असुल गर्ने बाँकी रहेको छ । — ५७८७५६.००

असुल गर्न बाकी बक्यौता सम्बन्धी बिवरण

| क.सं. | आयको नाम | ठेकेदारको नाम | गत बर्ष सम्मको बाकी | यस बर्षको असूली | बाकी | यस बर्षको बाकी | जम्मा बाकी |
|---|---|---|---|---|---|---|---|
| १ | गौतम बुद्ध मिनी बसपाक | कृष्ण प्रसाद कान्दू | छैन । | ८,३२,७४४/ | ५,७८,७५६/ | ५,७८,७५६/ | ५,७८,७५६/ |
| जम्मा | | | | | | | ५७८७५६।00 |

३७. **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १४४४३४५.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३८. | **गिट्टी बालुवाको करः ,ढुंगा** ,स्थानीय सरकार संचालन ऐन 2074 ,को दफा ,को उपदफा १ 64 १ ,(च)३ र ४ मा ढुंगा ,गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहनेकरको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा , जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन ,२०७५ द्वारा खारेज गरी दफा ६२ ,थप गरेर स्थानीय तहहरुले गिट्टी (क) बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको ,ढुंगा एकल अधिकार कायम गरेको तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२विपरित हुने (क) 2077 ,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड ,बालुवा उत्खन्न ,गिट्टी ,गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३९. | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ३७११२९ भुक्तानी दिएको पाईयो । | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | फर्निचर व्यवस्थापन खर्च | रेनकोट खरिद वितरण | ९००० |
| २ | सन्दिप इलेक्ट्रिक सेन्टर | विधुत साम्रगी खरिद | १९७८० |
| ३ | अंश सिलाई र हस्तकला केन्द्र | सिलाई कटाई तालिम | १३०००० |
| ४ | सन्देश सप्लायर्स | सडक बति व्यवस्थापन वडा ३र५ | २१२३४९ |
| | जम्मा | | ३७११२९ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **भरपाई नभएको**: पालिकाले वितरण गर्ने भनी खरीद भएका निम्नानुसारका सामाग्रीहरु वितरण गरेको भरपाई संलग्न नगरेकाले वितरण गरेको भरपाईको प्रमाण पेश गर्नुपर्ने रु | २०००२५.०० |

| ७ | विवरण | सामाग्रीहरु | भूक्तानी रु |
|---|---|---|---|
| ८५०.२०७७.३.२६ | मौर्या सिड स्टोर | ३४ के.जी. सिड | ७४८००.०० |
| ६८२.२०७७.०३.११ | ओम साईराम सप्लायर्स | ट्वाईलेट ११५ प्यान<br>एच् डी पी पाईप १७२.५० मि.<br>पि भि सि पाईप २० फुट | ७३०२५.००<br>४८३००.००<br>३९००.०० |
| जम्मा | | | २०००२५.० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४१. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उँल्लेख छ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु ७९९८६.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । | ७९९८६.०० |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| १०.२०७६.७.७ | अर्याल निर्माण सेवा | ४९९४८१.०० | ५५९३२.०० | २७९६६.०० |
| ११.२०७६.७.७ | शाही पोखरेल कनस्ट्रक्सन | ४८८६८४.०० | ५६२२०.०० | २८११०.०० |
| १२.२०७६.७.७ | मनोज निर्माण सेवा | ४२३०७८.०० | ४७८२०.०० | २३९१०.०० |
| | जम्मा | | | ७९९८६.०० |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | २२२।०७७।३।२५<br>**प्राविधिक पुष्टयाई** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम निर्माण कार्य गराउदा परिमाण थपघट भएमा प्राविधिक पुष्टयाइ गर्नुपर्दछ । वडा ४ को अधुरो सामुदायिक भवन निर्माणको लागि उपभोक्ता समिति सँग माटो पटानको कार्यको लागि सम्झौता भएकोमा निम्ननुसार कार्य परिमाण थप घट भएको पाइयो । | ३६०७८ |

| कामको विवरण | अनुमानित परिमाण | सम्पन्न परिमाण | फरक परिमाण | प्रतिशत | दर | रकम |
|---|---|---|---|---|---|---|
| माटो पटान | ४२.४७ | १०१.६४ | ५९.१७ | १३९ | ६०९.७ | ३६०७८ |
| | | | | | जम्मा | ३६०७८ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३. | ९२।०७६।७।७<br>**भ्रमण खर्च**— भ्रमण खर्च नियमावली २०६४ ,नियम ३ को उपनियम १ बमोजिम भ्रमण गर्दा भ्रमण आदेश स्वीकृत बमोजिम भ्रमण हुनुपर्ने व्यवस्था छ । तर पालिकका कानुनी सल्लाहकार श्री हुमबहादुर कुंवरलाई भ्रमण खर्च वापत रु १२६०० भुक्तानी गरेको छ । भ्रमण आदेश २०७६।६।८ देखि २०७६।६।११ सम्म र भ्रमणको साधन जहाज रहेको तर जहाज टिकट २०७६।६।४ देखि २०७६।६।७ को रहेको देखियो।रीत नपुर्याएको रु | १२६०० |
| ४४. | **टुक्रा पारी खरीदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को ८५ को उपनियम १ अनुसार बढीमा रु. ५ लाख सम्म सोझै खरिद गर्न सकिने व्यवस्था छ।नमूना छनौटका आधारमा परीक्षण गरिएका निम्न खरीद कार्यमा समेत लागत अनुमान टुक्रा गरी लागत अनुमान कै हाराहारीमा सोझै तथा कोटेशन मार्फत खरिद गरेको छ ।ऐनको व्यवस्था कार्यान्वयन गरी उपयुक्त प्याकेज जनाई बोलपत्रका माध्यमवाट खरिद गरि टुक्रा खरीद गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । नियमावलीको व्यवस्था विपरीत लागत अनुमान टुक्रा पारी खरीद भएको अनियमित देखीएको रु | ९९७७६२ |

| गो भौ न मिती | सामाग्री | सप्लार्यस | भुक्तानी रु |
|---|---|---|---|
| २५१।७६।०९।०९ समानी | कार्यालय सामाग्री | मार्स कम्प्यूटर एण्ड सप्लार्स | २८१५२३ |
| ९९।२०७७।२।२३ पू | कार्यालय सामान प्रिन्टर आदी | मार्स कम्प्यूटर | ११६१६४ |
| ७६२।०७७।३।१८ | प्रिन्टर खरिद | पिस कम्प्युटर सिस्टम | ११७००० |
| १९४।०७७।३।२१ | ल्याप्टप र मोनिटर खरिद | डिजिटल कम्प्युटर सप | ३७७९८५ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५४।०७६।१०।१७ | ल्याप्टप खरिद | मार्स कम्प्युटर सप | ७५०३२ |
| १७२।०७७।३।७ | प्रिन्टर खरिद | डिजिटल कम्प्युटर पसल | ३००५८ |
| | जम्मा | | ९९७६२ |

४५. **टुक्रा निर्माण कार्य** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ ।कार्यालयले पालिका सडक ग्राभेल कार्यकालागी टुक्रा लागत अनुमान तयारी गरी लागत अनुमान कै हारहारीमा निर्माण कार्य गराएको छ।निम्न निर्माण कार्य ऐनको व्यवस्था लागत अनुमान टुक्रा पारी प्रतिशर्पधा सिमित बनाई लागत अनुमान कै हाराहारी सम्झौता गरी निर्माण कार्य गराई भुक्तानी भएको अनियमित देखिएको रु — १८८०६८५

| गो भौ न मिती | कार्य विवरण | निर्माण व्यवसायी | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १०।७६।७।७ | सडक ग्राभेल | अर्याल नि से | ४९५००० | ४९९४८१ |
| ११।७६।७।७ | सडक ग्राभेल | शाही पोखरेल निर्माण सेवा | ५००००० | ४९४२७३ |
| २४१।३।२८ | **बाँध मर्मत** | ज्योति कन्ट्रक्सन | ४००००० | ३९६५१६ |
| २४१।३।२८ | सडक ग्राभेल | जय निर्माण सेवा | ४९५००० | ४९०४१५ |
| जम्मा | | | | १८८०६८५ |

४६. **विमा**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम सम्झौता अन्यथा व्यवस्था भएको बाहेक रु १० लाख भन्दा बढीकी निर्माण कार्य गराउदा विमाको व्यवस्था गर्नु पर्दछ । कार्यालयले विभिन्न योजना अन्तरगत बोलपत्रबाट सञ्चालित कार्यमा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको पाइयो तर ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काका निर्माण व्यवसायीले निर्माण कार्य शूरु हुँदा विमा गरेको पाईएन । नमुना परीक्षण गरीएका पुर्वि दोहनी मालपारा सडक निर्माण कार्यका निर्माण व्यवसायी सुजल कन्ट्कसनलाई मिती २०७७।३।२९ मा प्रथम विलका लागी रु ३५६३३०९ भुक्तानी भएकोमा सम्झौताको शर्त अनुसार निर्माण कार्य शुरु हुनु अधि विमा विमा गरेको छैन । कार्यालयले विमा नभएको अवस्थामा भूक्तानी नभएको जनाएतापनी भविश्यको जोखिम न्यूनीकरणका लागी समय मानै विमा गराई निर्माण कार्यमा हुने जोखिम कम गर्नै तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

४७. **दरविश्लेषण भन्दा बढि भुक्तानी** – सार्वजनिक निकायले निर्माण कार्य गराउदा नेपाल सरकार द्वारा स्वीकृत निर्माण सम्बन्धी नर्म्सका आधारमा दरविश्लेण गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिमको लागत अनुमान तयार गरी नियमावलीको व्यवस्थाको अधिनमा रही निर्माण कार्य गराउनु पर्दछ । यसैगरी नियम ९७ बमोजिम उपभोक्ता समिती मार्फत कार्य गराउदा दर विश्लेशण पस्चात तयार भएको लागत अनुमान बमोजिम सम्झौता र भुक्तानी गर्नु पर्दछ । निम्न निर्माण कार्यका लागी उपभोक्ता समिति मार्फत निर्माण गराउदा देहाय बमोजिमका आईटमहरुमा विश्लेषण दर भन्दा वढी दरमा सम्झौता गरी रु २२७२१ वढी भूक्तानी गरेको देखियो । बढी भुक्तानी दिने कार्यमा सुधार गरी बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु — ४०२४१

| | | आईटम | भुक्तानी दर | हुनु पर्ने | बढी दर | परिमाण | बढी रु |
|---|---|---|---|---|---|---|---|
| १३१।७७।३।८ | हरनामपुर गाँउ नालि नि उ स | ईट्टाको गार्हो | १३५२७ | १३०७३ | ४५४ | १९।६७ | ८९३० |
| २६४।७७।३।३० | श्री प्रा वि तौलिहवा मर्मत उ स | मेशिन मिक्सड १५। ४० रेडिमिक्स | १०१८२ | ९८८७ | २९५ | १७.५१ | ५१६५ |

गो.भौ.न.-विभिन्न कार्यालयको नाम :- कपिलवस्तु नगरपालिका कपिलवस्तु । आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीय पुर्वाधार तर्फ १०।७७।३।३१ | नालिनिर्माण उ स | ईट्टाको गार्हो | १३५२७ | १३०७३ | ४५४ | १९।६७ | ८६२६ |
| २७६।७७।३।३० सम | धमपनिया स्वा चौ नि उ स | wall putty | २३११ | २०१ | ३० | ५८४ | १७५२० |
| | | जम्मा | | | | | ४०२४१ |

४८. **वितरण र छनौटको आधारः**

अर्थिक कार्यबिधि तथा वितिय उतखायित्व नियमावली २०७७ को नियम )३९ ५३बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई बमिजम प्रकृया पुगे पुर्याई कागजात सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यसै गरी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७६ अनुसार स्थानीयतहले योजना संचालन गर्दा आवस्यक भएमा मापदण्ड कार्यविधी समेत तयार गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकावाट डाईभिङ् तालिम पम्पसेट वितरण जस्ता योजना संचालन गरी खर्च गर्दा लाभग्राहीको छनौट कार्यक्रम संचलान विधी सेवा पाउने मादण्ड जस्ता विषय यकिन गर्न आवस्यक कार्यविधि मापदण्ड तयार वेगर कार्यक्रम संचालन गरि देहाय बमोजिम खर्च गरेको पाईयो । यसरी आवस्यक मापदण्ड अभावमा लक्षित लाभग्राहीले नै लाभान्वित भएका आधार नदेखीएन । लाभग्राही छनौट आधार प्रमाण बेगर खर्च लेखेको देखिएको रु ५९५०००

| गो भौ न | कार्यक्रम संचालक | कार्यक्रम | लाभग्राही | भुक्तानी |
|---|---|---|---|---|
| ४५०।७६।१०।२६ | वडा न १ सिद्दार्थ डार्भिङ् | डाईभिङ् तालिम | ९ जना | १००००० |
| ९६।७७।२।१३ | वडा ७ एस के सप्लायस वाट खरीद | पम्पसेट | १० | ४९५००० |
| जम्मा | | | | ५९५००० |

४९. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई तथा आवस्यक प्रमाण कागजात सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकावाट विभिन्न देहायवमोजिमका समामाग्री खरीद गरी वितरण गरिएकोमा वितरण भरपाई नभएको प्रमाण पेश गर्नु पर्ने रु २७०५१७

| गो भौ न | कार्यक्रम संचालक | प्रयोजन | संख्या | मुल्य |
|---|---|---|---|---|
| ३९१।९।२९ | वडा कार्यालय १ | ब्ल्याङ्केट वितरण | ९४ | ९५५९८ |
| ४५६।७६।१०। | पाठक ट्रेड लिङ्क मार्फत खरिद गरी | सुपानेट झुल वितरण | ७५ | ७४९१९ |
| ५८६।७७।२।१९ | वडा १२ का ५ विद्यालय | बालवालिका ज्याकेट वितरण | ३२८ | १००००० |
| | | | जम्मा | २७०५१७ |

५०. **धरौटी तर्फ**

निर्माण व्यवसायीले निर्माण कार्यवापत कट्टी भएको धरौटी रकम फिर्ता गर्दा सम्वन्धित आर्थिक बर्षको कर चुक्ता सहित भुक्तानी दिनु पर्नेमा पालिकावाट जय निर्माण सेवाको आव २०७४।७५ मा निर्माण कार्यको विलवाट कट्टी भएको धरौटी रकम रु १९१२२९ फिर्ता गर्दा आ व २०७३।७४ को करचुक्ता प्रमाण पत्र संलग्न गरी भुक्तानी दिएकोले कारोवार गरेको आर्थिक बर्षको करचुक्ता प्रमाण पेश हुनु पर्ने रु १९१२२९

५१. **कारोवार रकमः ५२ २०७७.०३.२९ धरौटी तर्फ** आय कर ऐन २०५८ अनुसार निर्माण व्यवसायीले कारोवार रकमको नियमित जानकारी आन्तरीक राजश्व कार्यालयमा पठाई आर्थिक वर्ष समाप्त भएपश्चात वर्षभरीको कारोवार समावेश गरी कर चुक्ता प्रमाण पत्र लिनुपर्ने छ ।पालिकावाट आर्थिक वर्ष २०७५.७६ को विभिन्न निर्माण कार्य वापत कट्टी भएको धरौटी रु ११४६०१.०० निर्माण व्यवसायि दयाल निर्माण सेवालाई फर्ता गर्दा संलग्न कर चुक्ता प्रमाण पत्रमा निज व्यवसायीले आ.व.२०७५.०७६ मा कुल ११४६०१.००

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कारोवार रु १०९९३४३.०० आय व्यय विवरण पेश गरी कर चुक्ता प्रमाण पत्र लिएको देखिन्छ । तर आर्थिक वर्ष २०७५.०७६ मा पालिकावाट मात्र निर्माण व्यवसायीलाई रु २२९२०२०.०० भूक्तानी भएकाले निज व्यवसायीले कर प्रयोजनका लागि सम्पूर्ण कारोवार पेश गरेको देखिदैन ।सम्पूर्ण कारोवार रकम समावेश नगरी संलग्न गरेको कर चुक्ताका आधारमा धरौटी फिर्ता गरेको रु | |
| ५२. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| प्रारम्भिक वाल विकास स्रोत केन्द्र उ.स. | प्रारम्भिक वाल विकास स्रोत केन्द्र | ९८००००.०० |
| वडा न.२ वाल विकास भवन निर्माण उ.स. | वडा न.२ वाल विकास भवन निर्माण | ८३२०००.०० |
| वडा न ७ वाल विकास भवन निर्माण उ.स. | वडा न ७ वाल विकास भवन निर्माण | १५७५०००.० |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **विल भरपाई नभएको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली द्यण्ठठ,को नियम को घढ कागजात र,भरपाई,मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल उपनियम ५प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले भूक्तानी गरेका निम्नानुसारका भूक्तानीमा श्रेष्ताको साथमा खर्च पुष्टयाई गर्ने कागजपत्र नभएकाले खर्च पुष्टयाई गर्ने प्रमाण पेश गर्नुपर्ने रु | १९४५०५.०० |

| गो.भौ.नं. मिति | भूक्तानीको विवरण | भूक्तानी भएको | भूक्तानी भएको रु |
|---|---|---|---|
| ३५ २०७६.०६.१४ | वार्षिक सफ्टवयेर खरीद शुल्क | साङ्ग्रीला प्रा.ली. | १४०१२०.०० |
| १०९ २०७६.०७.२२ | ईन्टरनेट शुल्क | नेपाल टेलिकम | ३४८८५.०० |
| ६९६.२०७७.३.२ | मसलन्द तथा कार्यालय सामाग्री | हाम्रो स्वागत बुक्स | १९५०० |
| जम्मा | | | १९४५०५.०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **फुसको छानो विस्थापन कार्यक्रम:** पालिकाले आ.व.२०७६.०७७ मा फुसको छानो व्यवस्थापन कार्यक्रम अन्तर्गत रु ६७ लाख ५७ हजार ४६३ खर्च लेखेको छ । यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।<br>(क) फुसको छानो व्यवस्थापन कार्यविधि-२०७५ को पहिलो संसोधन २०७७ को वुँदा न.४ (क) मा फुसको छानो भएको परीवारहरुको लगत तयार गर्ने तथा सूचना प्रकाशन गरी सवैलाई जानकारी गराउने उल्लेख छ।तर पालिकाले कार्यविधिमा भएको व्यवस्था विपरीत फुसको छानो भएको परीवारहरुको लगत तयार गर्ने तथा सवैलाई जानकारी गराउने कार्य गरेको छैन।कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिन आवश्यक छ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | (ख) फुसको छानो व्यवस्थापन कार्यविधि-२०७५ को पहिलो संसोधन २०७७ को वुँदा न.४ (ख) मा सम्वन्धित घर धनिले नेपालि नागरीकताको प्रमाण पत्र जग्गा धनी प्रमाणपुर्जा मालपोत तिरेको रसिद वहाल विरौटी रसिद गाउँ व्लकको हकमा वडा कार्यालयको चार किल्ला प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । तर पालिकाले कार्यविधिमा उल्लेख भएका प्रक्रिया पूरा नगरी जस्ता पाता वितरण गरेको भनि रु ६७ लाख खर्च गरेकाले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु | ६७५७४६३.०० |
| ५५. | **गैह्र सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालनः** यस सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।<br>(क) नगरपालिकामा गत विगतमा जस्तै आ.व.२०७६।७७ मा विभिन्न सामाजिक विकास लगायतका कार्यक्रमहरु गाउँपालिका तथा वडा मार्फत गैर सरकारी संस्थासँग सम्झौता गरी कार्यक्रम संचालन गरेको देखियो।विगतमा महालेखापरीक्षकको कार्यालयवाट वेरुजु समेत औंल्याईएकोमा वेरुजुमा सुधार तर्फ कार्यालयले ध्यान दिईएको देखिएन ।<br>(ख) नमूना छनौटका आधारमा हेर्दा कार्यालयले सञ्चालन गरेका अधिकांश कार्यक्रम गैह्र सरकारी संस्थावाट सञ्चालन भएका छन्।गैह्र सरकारी संस्थाले आफ्नो प्यान तथा भ्याट विल जारी गर्नुपर्नेमा सो नगरेको पाईयो<br>(ग) गैह्र सरकारी संस्थाहरु निश्चित उद्धेश्य प्राप्तिका लागि स्थापना भएका हुने र सवै क्षेत्रमा विज्ञ नहुने भएता पनि पालिकाले कृषिजन्य तालिम वालविवाह न्युनिकरण कम्मल वितरण स्वास्थ्य शिविर सञ्चालन विपत व्यवस्थापन तालिम दलित जनचेतना तालिम वेमौसमी तरकारी खेती विरुवा वितरण लगायतका विशेष प्राविधिक आवश्यक पर्ने कार्यमा समेत यस्ता संस्थावाट कार्य गराएको पाईयो ।<br>(घ) नगरपालिका बाट उपलब्ध जनशक्तिबाट हुनसक्ने काम गैर सरकारी संस्थासँग सम्झौता गरि संचालन हुनु उपयुक्त देखिएन । उपलब्ध जनशक्तिबाट हुनसक्ने काममा आफ्नै जनशक्ति परिचालन गरी कार्य संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।<br>नगरपालिकाले गैह्रसरकारी संस्था मार्फत सञ्चालन गरेका कार्यको विवरण यसप्रकार छ । | |

| गो.भौ.न. मिति | गैह्र सरकारी संस्थाको नाम | कार्यक्रम | भूक्तानी रु |
|---|---|---|---|
| ४९६.२०७६.१२.२७ | स्टार सामाजिक विकास संस्था | घरेलु हिंसा सम्वन्धी कार्यक्रम | १०००००.०० |
| ४९७.२०७६.१२.२७ | सरसफाई अभियान तथा फोहोरमैला व्यवस्थापन | सफल आमा समूह | १०००००.०० |
| ५०१ २०७६.१२.२७ | सिलाईकटाई केन्द्र | लक्षित वर्गलाई सिलाईकटाई | २०००००.०० |
| ५०८ २०७७.०१.०२ | गोटीहवा सामुदायिक विकास केन्द्र | पोषण सम्वन्धी तालिम | ५००००.०० |
| ५१० २०७७.०१.०२ | डायनामिक सामाजिक विकास संस्था | मधेशी लक्षित कार्यक्रम | ५००००.०० |
| जम्मा | | | ६०००००.०० |

| | | |
|---|---|---|
| ५६. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहहरुले कोटेशन विधिबाट खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |

गो.भौ.न.-विभिन्न कार्यालयको नाम :- कपिलवस्तु नगरपालिका कपिलवस्तु ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | क) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>ख) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>ग) औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>घ) औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष कुनै पनि व्यक्तिलाई उपलव्ध नगराई रु २५८०००.०० खर्च गरेको छ । | |
| ५८. | **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.३ लाख ९४ हजार. खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ५९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने | |

गो.भौ.न.-विभिन्न कार्यालयको नाम :- कपिलवस्तु नगरपालिका कपिलवस्तु ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

६०. **उपभोक्ता समिति तथा ठेकेदारलाई वढी भूक्तानीः** पालिकाले निम्नानुसारका उपभोक्ता समिति तथा ठेकेदारलाई सम्झौता भन्दा वढी भूक्तानी गरेकाले असुल हुनुपर्ने रु — ४५७१४.०२

| भौ.न. मिति | उपभोक्ता समिति/ठेकेदारको नाम | वापत | भूक्तानी हुनुपर्ने | भूक्तानी भएको | वढी भूक्तानी रु |
|---|---|---|---|---|---|
| २ २०७६.०६.१४ | दिवदयाल ठाकुर सडक वोर्ड तर्फ | सडक कालोपत्रेमा सूचना पार्टी | २५००.०० | २५०००.०० | २२५००.०० |
| १६ २०७७.३.२८ | सौर्य सोलार जडान उपभोक्ता समिति | सौर्य जडान | ११७६६०३.६७ | ११८२१८०.० | ५५७६.३३ |
| १३ २०७७.३.२६ | नारायण प्रा.वी भवन निर्माण | भवन निर्माण | ५८६७१२.२४ | ६०४३४९.९३ | १७६३७.६९ |
| जम्मा | | | १७६५८१५.९१ | १८११५२९.९३ | ४५७१४.०२ |

६१. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

६२. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

६३. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त भएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | स्वागतद्वार निर्माण | डि फाइण्डर आर्किटेक्ट्स प्रालि | ३९५५९९ | ३९५५०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ६४. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सबै सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ६५. | **भ्रमण खर्च** : लुम्विनि प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । | |
| | सामाजिक सुरक्षातर्फ | |
| ६६. | **सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले वडा न.३ वासमति लोनिया रामरति पासीको नाम दोहोरो परेकोमा वैंक मार्फत फिर्ता भएको पालिकाले जानकारी दिएको छ | |
| ६७. | **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ ।पालिकाले आर्थिक वर्षको अन्त्य सम्ममा पनि निम्नानुसारको पेश्की फर्छौट गरेको छैन।नियममा भएको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिन आवश्यक छ । | ९५८०४०००.० |

| क्र.स | पेश्की लिनेको नाम | पेश्किको विवरण | पेश्की रु |
|---|---|---|---|
| १ | राष्ट्रीय मा.वी विकुली | भवन निर्माण | १५०००००.०० |
| २ | एभरेष्ट वैंक | सामाजिक सुरक्षा | ९५९६०००.०० |
| ३ | लष्मी वैंक लि. | सामाजिक सुरक्षा | ८६७१४००.०० |
| ४ | कृषि विकास वैंक लि. | सामाजिक सुरक्षा | ११४४३२००.०० |
| ५ | कामना सेवा विकास वैंक | सामाजिक सुरक्षा | १९११७०००.०० |
| ६ | एन.सी.सी वैंक | सामाजिक सुरक्षा | ४९३२२००.०० |
| ७ | ईन्भेष्टमेन्ट वैंक एण्ड फाईनान्स | सामाजिक सुरक्षा | १४६०६८००.०० |
| ८ | एन् आई सि एसिया | सामाजिक सुरक्षा | १६१७९२००.०० |

गो.भौ.न.-विभिन्न कार्यालयको नाम :- कपिलवस्तु नगरपालिका कपिलवस्तु । आ.व. २०७६।७७

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ९ | मेगा बैंक लि. | सामाजिक सुरक्षा | ९७५८२००.०० | |
| | जम्मा | | | ९५८०४०००.०० | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८. | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ५६६७८०००.०० | ०.०० | ५६६७८०००.०० |

**अद्यावधिक वेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछयौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ५६६७८०००.०० | ०.०० | ११९०१८६३४ | ०.०० | १७५६९६६३४ |

**कोभिड-१९ तर्फ**

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **आम्दानी र खर्चको विवरणः** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी २०७७ असार मसान्तसम्मको आम्दानी र खर्चको विवरण पेश गरेको छ ।कार्यालयले उपलव्ध गराएको विवरण निम्नानुसार रहेको छ । | |

| बजेटरआम्दानीको स्रोत | २०७७ असार मसान्तसम्म प्राप्त रकम | २०७७ आश्विन मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम | २०७७ आश्विन मसान्तसम्म खर्च रकम |
|---|---|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | १५०००००० | | राहात वितरण | ४८७१३९२।१९ | ४८७१३९२।१९ |
| प्रदेश सञ्चित कोषबाट | | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ११०३५६८।९० | ११०३५६८।९० |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १०००००० | | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ४७२६०८।१५ | ६५२८५८।१५ |
| संघीय कोभिड कोषबाट | २२३३९०० | | जनशक्ति परिचालन | ४१८५०६।८५ | २०५०४२९ |
| प्रदेश कोभिड कोषबाट | १५००००० | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | २१९५८७८।०७ | २४५२६४१।४२ |
| अन्य स्रोतबाट प्राप्त | १६९०४२४ | ३५००००० | स्वास्थ्य पूर्वाधार निर्माण | | १७८३२५२० |
| गत बर्ष | ३४२४१८।११ | २१५८२८१२।९५ | अन्य शीर्षकमा भएको खर्च | १२१९७५ | १७३९७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बाँकी | २१५८२८१२१९५ | ८९२८६६७।६३ |
| | | | जम्मा | ३०७६६७४२।११ | ३८०१९२६२।१९ |
| जम्मा | ३०७६६७४२।११ | ३८०१९२६२।११ | | | |

२. **जोखिम भत्ताः**नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी गरी जम्मा १३ जना कर्मचारीको जोखिम भत्ताको रु २१३७४५।७ खर्च लेखेको छ ।

३. **क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापनः** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरुको व्यवस्थापनको लागि गरी २ वटा आईसोलेसन सेन्टर स्थापना गरेको छ ।कार्यालयले क्वारेन्टाईन र आईसोलेसन स्थापनाको लागी रु १५७६१७७.०५ खर्च लेखेको छ ।कार्यालयले स्थापना गरेका ३ वटा क्वारेन्टाईन र क्वारेन्टाईनमा बसेका व्यक्तीको विवरण यसप्रकार छ ।

| क्रस | यस निकायले तयार वा सञ्चालन गरेको क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम | निर्माण खर्च | बेड संख्या | क्वारेन्टिनमा बस्नेहरुको संख्या | | सञ्चालन व्यवस्थापन प्रयोजनको खर्च |
|---|---|---|---|---|---|---|
| | | | | दैनिकरुपमा बसेको अधिकतम संख्या | आषाढ मसान्त सम्म क्वारेन्टिनमा बसेकाहरुको कुल संख्या | |
| १ | रत्नराज्य उच्च मा वि | | १५ | १५ | ३० | |
| २ | बुद्ध पद्म मा वि | | ११९ | ११९ | २०४ | |
| ३ | श्री प्रा वि | | ४२ | ४२ | १२६ | |
| | जम्मा | ७०५४६८।९ | | | | ५९८१०० |

४. **विशेष परिस्थिति खरीदः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ। कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ। खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वियनमा ध्यान दिनुपर्छ ।

५. **सामग्री खरिद विधिसम्बन्धी विवरणः** पालिकाले राहात सामाग्री वितरणको निम्नानुसारको खरीद विधि अवलम्वन गरेको छ ।

| राहात सामग्री खरिद गर्दा प्रयोग गरेको विधि | खरिद रकम | उक्त खरिद विधि प्रयोग गर्नाको कारण |
|---|---|---|
| सोझै खरिद विधि | ११५०२०८।१५ | केभिडके चरणमा तुरुन्तै खरिद गर्नु पर्ने भएके हुंदा |
| तीन वटा हाते कोटेशन | ६११९६८३।७९ | केभिडके चरणमा तुरुन्तै खरिद गर्नु पर्ने भएके हुंदा |

६. **राहात सामग्रीको खरिद र वितरणको परिमाणः** पालिकाले कोभिड-१९ को जोखिममा रहेका मानिसहरुलाई राहात वितरण गर्नको लागि निम्नानुसारको राहात सामाग्री खरीद गरेको विवरण उपलव्ध गराएको छ ।

| राहत सामग्री | ईकाइ | खरिद परिमाण | प्रतिईकाइ दर | रकम | वितरण परिमाण |
|---|---|---|---|---|---|
| चामल | केजी | ७३१०९ | ४० | २९२४३६० | ७३१०९ |
| दाल | केजी | ७५०१५ | ८० | ६००१२० | ७५०१५ |
| नुन | केजी | ४९८२ | २० | ९९६४० | ४९८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| खाने तेल | लिटर | ४९६४ | १५० | ७४४६०० | ४९६४ |
| सावुन | थान | ९४८६ | २६।५४ | २५१७५८।४४ | |
| जम्मा | | | | ४६२०४७८।४४ | |

७. **वडा अनुसारको राहात सामग्री वितरणको विवरणः** पालिकाले कोभिड-१९ को जोखिममा रहेका मानिसहरुलाई वडा अनुसार राहात वितरणको विवरण निम्नानुसार उपलव्ध गराएको छ ।

| वडा नं | राहत लाभग्राही परिवार |
|---|---|
| १ | ३९१ |
| २ | ५४१ |
| ३ | ५६९ |
| ४ | ३३९ |
| ५ | १९१ |
| ६ | ४९५ |
| ७ | ६४६ |
| ८ | २८१ |
| ९ | ३७९ |
| १० | २१० |
| ११ | ३८५ |
| १२ | ५५० |

८. **बार्षिक प्रतिवेदन** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन। ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ।

## लेखापरीक्षणमा संलग्न पदाधिकारीहरु

| पद | नाम | हस्ताक्षर | अवधि |
|---|---|---|---|
| लेखापरीक्षण अधिकारी | श्री यज्ञ प्रसाद वस्ती | | २०७७।११।२२ -२०७७।११।२५ |
| लेखापरीक्षण अधिकारी | श्री जानकी भण्डारी | | |
| लेखापरीक्षण अधिकारी | श्री मनोहर प्रसाद गुसा | | |